BUTWAL POWER
COMPANY LIMITED



बुटवल पावर कम्पनी लिमिटेड

# संक्षिप्त वार्षिक प्रतिवेदन

## आ. व. २०७३–०७४



# बुटवल पावर कम्पनी लिमिटेडको
# २५ औं वार्षिक साधारण सभाको सूचना

शेयरधनीज्यू,

मिति २०७४।१२।२५ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको २५औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरू उपर छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, स्थान र समय :**

**मिति :** **२०७५ जेष्ठ ८ गते ।**

**स्थान :** **कार्की ब्याङक्वेट, ववरमहल काठमाण्डौं ।**

**समय :** **बिहान १०:०० बजे ।**

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरुः**

**१. संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

**२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. ०७३/०७४ को वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।**

**३. लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०७४/०७५ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

**४. कम्पनीको आ.ब. ०७३/०७४ को खुद मुनाफाबाट चुक्ता पूंजीको २०% (बीस प्रतिशत) नगद लाभांश बितरण गर्ने ।**

**५. विविध ।**

**(ख) विशेष प्रस्तावहरुः**

६. कम्पनीको संचालक समितिमा सर्वसाधारण शेयरधनीको तर्फवाट दुई जना संचालकहरूको प्रतिनिधित्व हुने गरी कम्पनीको नियमावलीको नियम १६(क)(ख)(ग) संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने । (नोटः हालै सम्पन्न नयाँ निष्काशनका लागि प्रकाशित विवरणपत्रमा उल्लेख भए वमोजिम सर्वसाधारण शेयरधनीहरूको तर्फवाट २ जना संचालकहरू निर्वाचित हुने व्यवस्था गर्नका लागि संचालक समितिमा शेयरधनीहरूको समूह क (नेपाल सरकार समेत) वाट १ जना, समूह ख (सांग्रिला इनर्जि लि. समेत) वाट ४ जना र समूह ग (सर्वसाधारण) वाट २ जना तथा स्वतन्त्र संचालक २ गरी जम्मा ९ जना संचालकहरू रहने गरी प्रस्ताव गरिएको छ ।)

# प्रोक्सी-फारम

श्री संचालक समिति

**बुटवल पावर कम्पनी लि.**

वुद्धनगर, वानेश्वर, काठमाण्डौ ।

**विषयः** प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

..........................जिल्ला..........................म.न.पा/न.पा./गा.वि.स. वडा नं. ..........................,
.......................... वस्ने म/हामी ..........................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले मिति २०७५ जेठ ०८ गते मंगलबारका दिन हुने २५ औं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि..........................जिल्ला ..........................म.न.पा/न.पा./ गा.वि.स./ वडा नं.............., ............वस्ने श्री .......................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

निवेदकः ..........................
दस्तखतः ..........................
ठेगानाः ..........................पो.व.नं..............
फोन नं..........................

शेयरधनी नं.: ..........................
शेयर प्र.प.नं.: ..........................
डिम्याट नं:..........................
शेयर संख्याः ..........................
मितिः ..........................

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. उक्त साधारण सभाको लागि कम्पनीको शेयरधनी दर्ता किताव मिति २०७५।१।२७ गते देखी २०७५।२।८ गते सम्मका लागि बन्द रहने छ ।

२. कम्पनी ऐन, २०६३ को दफा ८४ वमोजिम संक्षिप्त आर्थिक प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा अलग्गै प्रकाशित गरिनेछ । सो प्रतिवेदन सहितको संक्षिप्त वार्षिक प्रतिवेदन पुस्तिका कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाडौं तथा शेयर रजिष्ट्रार श्री एन.एम.वि. क्यापिटल लि., नागपोखरी, काठमाडौंबाट प्राप्त गर्न तथा कम्पनीको वेभ साईट www.bpc. com.np मा हेर्न सकिने छ ।

३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौमा सभा शुरू हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । शेयरवालाको नाम, शेयर संख्या र दस्तखत मध्ये कुनै नमिलेमा प्रतिनिधिपत्र रद्द हुनेछ ।

४. एकै शेयरधनीले एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिला दिएको प्रोक्सी वदर गरेको भन्ने व्यहोरा उल्लेख भई पछिल्लो प्रोक्सी दर्ता हुन आएमा वाहेक पहिला दर्ता हुन आएको प्रोक्सीले मान्यता पाउने छ ।

५. प्रोक्सी मुकरर गरी पठाउने शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएको व्यहोरा लिखित रूपमा जानकारी दिएमा प्रोक्सी स्वतः बदर हुनेछ । तर त्यस्तो जानकारी हाजिर पुस्तिका खुल्ला रहने अवधी भित्रै दिनुपर्ने छ नदिएमा प्रोक्सीनै कायम हुनेछ ।

६. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान ८:०० वजे देखि १०:०० वजेसम्म खुल्ला रहने छ । शेयरधनी नं. वा डिम्याट खाता नं.को आधारमा हाजिरी गर्ने व्यवस्था गरिएको छ । हाजिरी गर्नका लागि शेयरधनीले आफ्नो परिचय खुल्ने कुनै पनि कागजातहरू जस्तैः नागरिकता, लाइसेन्स आदि अनिवार्य रूपमा प्रस्तुत गर्नु पर्नेछ ।

७. शेयरधनी कुनै संगठित संस्था वा कम्पनी भएमा त्यस्तो शेयरधनीले आफ्नो पदाधिकारी वा कर्मचारीलाई प्रतिनिधी नियुक्त गरी साधारण सभामा भाग लिन सक्नु हुनेछ र प्रतिनिधी नियुक्त गरेको पत्रमा सो नियुक्त हुने पदाधिकारी तथा कर्मचारीको पद समेत स्पष्टरूपमा उल्लेख गरेको हुनु पर्नेछ ।

८. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ ।

९. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ तथा शेयर रजिष्ट्रार श्री एनएमवि क्यापिटल लि., नागपोखरी, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

आज्ञाले
**कम्पनी सचिव**

बुटवल पावर कम्पनी लिमिटेड

# नियमावली संशोधनको तीन महले विशेष प्रस्ताव

| हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
| --- | --- | --- |
| **१६. संचालक समितिको गठन, संख्या र कार्यकाल**ः<br>(क) कम्पनीको कार्य संचालनको निमित्त एक जना स्वतन्त्र संचालक सहित देहाय वमोजिम प्रतिनिधित्व हुने गरी सात जना संचालकहरू रहेको एक संचालक समिति हुनेछ ।<br>(अ) नेपाल सरकार, यूनाईटेड मिसन टु नेपाल, नेपाल विद्युत प्राधिकरण,एनआईडिसी डेभलपमेन्ट बैंक र अन्य संस्थापकहरू रहेको "समूह क" वाट एक जना संचालक ।<br>(आ) सांग्रिला इनर्जि लि. र आईकेएन नेपाल एएस तथा सोबाट शेयर खरिद गर्ने शेयरधनीहरू रहेको "समूह ख" वाट चार जना संचालकहरू ।<br>(इ) सर्वसाधारण शेयरधनीहरू तथा कर्मचारीहरू रहेको "समूह ग" वाट एक जना संचालक, र<br>(ई) एक जना स्वतन्त्र संचालक ।<br>(ख)संचालकहरूको नियूक्ति शेयरधनीहरूको साधारण सभावाट हुनेछ । संचालक समितिले संचालकको निर्वाचन गर्नका लागि निर्वाचन निर्देशिका बनाउन सक्नेछ ।<br>(ग) उपनियम (ख)मा जुनसुकै कुरा उल्लेख भएपनि समूह क मा नेपाल सरकारको सबै भन्दा ठुलो हिस्सा | **१६. संचालक समितिको गठन, संख्या र कार्यकाल**ः<br>(१) कम्पनीमा दुई जना स्वतन्त्र संचालकहरू सहित देहाय वमोजिम प्रतिनिधित्व हुने गरी नौ जना संचालकहरू रहेको एक संचालक समिति हुनेछ ।<br>(क) नेपाल सरकार, यूनाईटेड मिसनटु नेपाल, नेपाल विद्युत प्राधिकरण र एनआईडिसी डेभलपमेन्ट बैंक रहेको "समूह क" वाट एक जना संचालक ।<br>(ख) सांग्रिला इनर्जि लि. र आईकेएन नेपाल एएस रहेको "समूह ख" वाट चार जना संचालकहरू ।<br>(ग) सर्वसाधारण शेयरधनीहरू तथा कर्मचारीहरू रहेको "समूह ग" वाट एक जना महिला संचालक सहित दुई जना संचालकहरू, र<br>(घ) दुई जना स्वतन्त्र संचालकहरू ।<br>(२) संचालकहरूको नियूक्ति शेयरधनीहरूको साधारण सभावाट हुनेछ । संचालक समितिले संचालकको निर्वाचन गर्नका लागि निर्वाचन निर्देशिका बनाउन सक्नेछ । | धितोपत्र बोर्डको निर्देशन अनुसार सर्वसाधारण शेयरधनीहरूको तर्फवाट प्रतिनिधित्व गर्ने संचालकहरूको संख्या दुई हुनु पर्ने भई सो व्यवस्था गर्नका लागि<br><br>संचालक समितिको संरचना परिवर्तन गर्न बान्छनीय भएको । |

## बुटवल पावर कम्पनी लिमिटेड

# नियमावली संशोधनको तीन महले विशेष प्रस्ताव

| हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| शेयर कायम रहेसम्म सो समूहको प्रतिनिधित्व गर्ने संचालकहरूको मनोनयन गर्ने अधिकार नेपाल सरकारलाई हुनेछ र र सांग्रिला इनर्जि लि.को चुक्ता पूँजीको ५१% शेयर कायम रहे सम्म समूह ख को तर्फवाट प्रतिनिधित्व गर्ने संचालकहरूको मनोनयन गर्ने अधिकार सांग्रिला इनर्जि लि.लाई हुनेछ । | (३) उपनियम (२) मा जुनसुकै कुरा उल्लेख भएपनि समूह क मा नेपाल सरकारको सबै भन्दा ठुलो हिस्सा शेयर कायम रहेसम्म सो समूहको प्रतिनिधित्व गर्ने संचालकहरूको मनोनयन गर्ने अधिकार नेपाल सरकारलाई हुनेछ र र सांग्रिला इनर्जि लि.को चुक्ता पूँजीको ५१% शेयर कायम रहे सम्म समूह ख को तर्फवाट प्रतिनिधित्व गर्ने संचालकहरूको मनोनयन गर्ने अधिकार सांग्रिला इनर्जि लि.लाई हुनेछ र सांग्रिला इनर्जि लि.वाट मनोनित संचालकहरू मध्येवाट एक जना संचालकलाई संचालक समितिको अध्यक्षमा नियुक्त गरिने छ । | |

# संचालक समितिको प्रतिवेदन

## शेयरधनीज्यूहरु,

यस कम्पनीको २५औं बार्षिक साधारण सभामा आ.व. २०७३।०७४ का लागि संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हामीलाई अत्यन्तै खुसी लागेको छ ।

### उपलब्धिको समिक्षा

यस कम्पनीले मार्च २५, २०१७ मा "म खुसीको दियो जलाउँछु, म मुस्कानको दियो जलाउँछु, म भविश्यको दियो जलाउँछु" (iLight happiness, iLight smiles, and iLight future) भन्ने सन्देश सहित आफ्नो स्वर्ण जयन्ती मनायो । सो शुभ अवसरमा दुई मुख्य आयोजनाहरू ३७.६ मेगावाटको कावेली ए जलविद्युत आयोजना तथा ३० मेगावाटको न्यादी जलविद्युत आयोजनाको निर्माण कार्य प्रारम्भको हर्ष उल्लासका साथ सिलान्यास गरिएको थियो । ती आयोजनाहरूको निर्माण कार्य प्रगति सन्तोषजनक रहेको छ र निर्माण तालिका अनुसारनै भईरहेको छ ।

हालै यस कम्पनीले नेपालमा जलविद्युत आयोजनाहरूको विकास गर्न आगामी पाँच वर्षमा १००० मेगावाटको निर्माण प्रारम्भ गर्ने तथा दुई अरव अमेरिकी डलर लगानी गर्ने लक्ष सहित तीन चिनियाँ नाम चलेका कम्पनीहरूसंग संयुक्त लगानी सहकार्यको प्रारम्भ गरेको छ । उक्त संयुक्त लगानी सहकार्यको परिणामस्वरूप संयुक्त लगानीका पक्षहरूले नोभेम्बर २०१७ मा एक संयुक्त लगानी कम्पनी दर्ता गरेका छन् ।

यस कम्पनीको खुद नाफा गत वर्षको तुलनामा ७.८% ले बृद्दि भई वित्तिय कार्यसम्पादनमा सुधार भएको छ । यस कम्पनीको आ.व. २०७३।७४ को खुद नाफा रू. ६६ करोड ८० लाख रहेको छ । बीपीसी समूहको आ.व. २०७३।०७४ को एकीकृत वित्तिय विवरणहरूले एकिकृत नाफा रू. ७९ करोड ९ लाख रहेको देखाएको छ ।

संचालनमा रहेका १२ मेगावाटको झिमरूक विद्युत गृह तथा ९.४ मेगावाटको आँधिखोला विद्युत गृह सन्तोषजनकरूपमा संचालनमा रहे र ती विद्युत गृहहरूले १३६.७२ गीगावाट आवर उत्पादन गरे । सो उत्पादन अधिल्लो वर्ष उत्पादित् उर्जा भन्दा २.८३% ले बढी हो । कुल २७६४ नयाँ उपभोक्ताहरू कम्पनीको वितरण संजालमा थपिएर उपभोक्ताको आधारमा बृद्धि भई उपभोक्ताको संख्या ५१,३६६ पुगेको छ । विद्युत महशुल पूर्नसंरचनालाई श्रावण १, २०७३ देखी सफलतापूर्वक कार्यान्वयनमा ल्याइएको छ । त्यसले वितरण व्यवसायको आम्दानीमा ३६% ले बढोत्तरी भई कम्पनीको वितरण व्यवसायको नोक्सानीलाई कम गर्नका लागि मद्दत गरेको छ । आ.व. २०७३।०७४ मा सहायक तथा सम्वद्ध कम्पनीहरूको समग्र कार्यसम्पादन सन्तोषजनक रह्‍यो ।

यस कम्पनीले आ.व. २०७३।०७४ को आफ्नो वित्तिय विवरणहरू तयार तथा प्रस्तुत गर्न नयाँ जारी भएको नेपाल वित्तिय प्रतिवेदन मापदण्ड (Nepal Financial Reporting Standard) पहिलो पटक अवलम्वन गरेको छ । यसले कम्पनीको शेयरधनीहरू तथा लगानीकर्ताहरूलाई कम्पनीको समग्र कार्यसंपादन तथा अवस्थाका बारेमा बुझ्न तथा मुल्यांकन गर्नका लागि थप मद्दत गर्नेछ भन्ने अपेक्षा गरिएको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले कम्पनीलाई उत्कृष्ट बार्षिक प्रतिवेदन प्रस्तुती अवार्ड, २०१६ प्रदान गरेको छ र यस कम्पनीले साउथ एसीयन फेडरेशन अफ एकान्टेन्टस् (साफा) वाट संस्थागत सुशासनका लागि सन् २०१५ को लागि मेरिट

अवार्ड समेत प्राप्त भएको छ । हालै, जलविद्युत क्षेत्र तर्फ यस कम्पनीलाई Frost & Sullivan – 2017 Nepal Market Leadership Award पनि प्राप्त भएको छ ।

# कार्यसम्पादन समिक्षा

## वित्त

यस कम्पनीले विद्युत बिक्री तथा विद्युतीय सेवाबाट आ.व. २०७३।०७४ मा कुल नाफा रू. २८ करोड २६ लाख आर्जन गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा ११.८% को बृद्धि हुन आउँछ । व्याज तथा कर अघिको नाफा अघिल्लो वर्षकोमा ८.२% ले बृद्धि भई रू. ७५ करोड ९ लाख छ । यसमा लाभांश आम्दानी रू. ५५ करोड ६९ लाख समेत समावेश छ । यस वर्षको कर पछिको खुद नाफा अघिल्लो वर्षको खुद नाफा रू. ६१ करोड ९४ लाखको तुलनामा बृद्धि भई रू. ६६ करोड ८० लाख भएको छ । यो ७.८% को बृद्धि हो । कम्पनीको वित्तिय अवस्थाको सारसंक्षेप निम्न अनुसार रहेको छ ।

(अन्यथा उल्लेख गरेको वाहेक अंक रू. दश लाखमा)

| विवरण | आ.व. २०७३/७४ | आ.व. २०७२/७३ (restated) | % परिवर्तन |
|---|---|---|---|
| नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री | ४७८.९ | ४६०.३ | ४% |
| उपभोक्तालाई विद्युत बिक्री तथा सेवाहरू | १८३.९ | १३५.२ | ३६% |
| उत्पादन खर्च | २८२.९ | २५२.३ | १२.१% |
| वितरण खर्च | ९७.३ | ९०.५ | ७.५% |
| कूल नाफा | २८२.६ | २५२.८ | ११.८% |
| अन्य आय (प्राप्त लाभांश समेत) | ५८९.८ | ५५६.४ | ६% |
| प्रशासनिक तथा अन्य खर्च | १२१.५ | ११४.९ | ५.७% |
| व्याज तथा कर अघिको नाफा | ७५०.९ | ६९४.३ | ८.२% |
| खुद मुनाफा (कर पछि) | ६६८.० | ६१९.४ | ७.८% |
| अन्य कम्पनीमा लगानी | २,४४७.४ | २,२१३.४ | १०.६% |
| प्रतिशेयर आम्दानी रू. | ३७.०२ | ३४.५७ | ७.१% |
| खुद सम्पत्ति (इक्विटी) | ४,३९२ | ३,९७७ | १०.४% |

यस आ.व.को समूहगत एकिकृत वित्तिय अवस्था निम्न अनुसार रहेको छ।

(अन्यथा उल्लेख गरेको वाहेक अंक रू. दश लाखमा)

| विवरण | आ.व. २०७३/७४ | आ.व. २०७२/७३ (restated) | % परिवर्तन |
|---|---|---|---|
| आम्दानी | १,४५२.९ | १२८२.१ | १३.३ |
| बिक्री लागत | १,०१६.३ | ८४७.६ | १९.९ |
| कुल नाफा | ४३६.६ | ४३४.५ | ०.५ |
| व्याज तथा कर अघिको नाफा | ९०७.१ | ८३३.२ | ८.९ |
| कर पछिको नाफा | ७९०.९ | ७२४.३ | ९.२ |
| नियन्त्रक कम्पनीको शेयरधनीका लागि नाफा | ७४०.१ | ६८९.३ | ७.४ |
| नियन्त्रण नहुने स्वार्थ/हितका लागि नाफा | ५०.८ | ३५.० | ४५.१ |
| प्रति शेयर आम्दानी | ४१.०१ | ३८.४७ | ६.६ |
| खुद सम्पत्ति | ४,८५६.६ | ४,३२८.६ | १२.२ |

समूह कम्पनीको कारोवार रू. १ अरव ४५ करोड २९ लाख भएको थियो । यो १३.३% को बृद्धि हो । समूहको संचालन नाफा अघिल्लो वर्ष भन्दा ८.९% को बृद्धि सहित रू. ९० करोड ७१ लाख भएको छ । त्यसैगरी समूहको कर पछिको नाफा ९.२% को बृद्धि सहित रू. ७९ करोड ९ लाख भएको छ । त्यसवाट समूहको प्रति शेयर आम्दानी रू. ४१.०१ पुगेको छ, जुन अघिल्लो वर्षको भन्दा ६.६% को बृद्धि हो ।

## आयोजनाहरुमा लगानीका लागि नयाँ शेयर निष्काशन

हालै यस कम्पनीले ४०,८१,००० कित्ता शेयरहरू प्रिमियम सहितको प्रति शेयर रू. ५०१ का दरले जारी गरी रू. २ अरव ४ करोड ४६ लाख पूँजी संकलन गरेको छ । सो नयाँ निष्काशन मार्फत संकलन गरिएको पूँजीलाई ३७.६ मेगावाटको कावेली ए जलविद्युत आयोजना, ३० मेगावाटको न्यादी जलविद्युत आयोजना तथा अन्य आयोजनाहरूलाई आवश्यक पूँजीका निमित्त उपयोग गरिनेछ ।

## व्यवसाय संचालन

### उत्पादन व्यवसाय

कम्पनीको स्वामित्व र संचालनमा १२ मेगावाटको झिमरूक विद्युत गृह र ९.४ मेगावाटको आँधिखोला विद्युत गृह रहेका छन् । दुबै विद्युत गृहहरूले सन्तोषजनकरूपमा संचालनमा रही १३६.७३ गिगावाट आवर विद्युत उत्पादन गरे, जुन उत्पादन अघिल्लो वर्षको तुलनामा २.८३% (३.७६ गिगावाट आवर) ले बढी हो । कुल उत्पादित विद्युत मध्ये कम्पनीले ७१.९४% विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गऱ्यो र २५.७०% विद्युत आफ्नै वितरण व्यवसायमा आपूर्ति भएको थियो ।

आँधिखोला विद्युत गृहले ८३.१८% क्षमता (Plant Factor) मा संचालनमा रहेर ६८.४९ गिगावाट आवर उत्पादन गऱ्यो । यो अघिल्लो वर्षको उत्पादन भन्दा ७.९३% (५.०३ गिगावाट आवर) ले बृद्धि हुन आउँछ । कुल उपलब्ध उर्जा मध्ये कालीगण्डकी जलविद्युत आयोजनालाई क्षतिपूर्ति वापत निशूल्क उपलब्ध गराइएको ३.१७ गिगावाट आवर समेत गरी ३८.६३ गिगावाट आवर नेपाल विद्युत प्राधिकरण लाई आपूर्ति गरिएको थियो । नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिएको तथा आफ्नै वितरण व्यवसायलाई आपूर्ति गरिएको विद्युत क्रमशः ३८.६३ गिगावाट आवर (५५.०७%) र २९.८६ गिगावाट आवर (४२.५६%) रहेको छ ।

झिमरूक विद्युत गृहले ६८.२३ गिगावाट आवर उत्पादन गऱ्यो । यो अघिल्लो वर्षको उत्पादन ६९.५० गिगावाट आवरको तुलनामा १.८१% (१.२७ गिगावाट आवर) ले न्यून हो । वर्षायाममा ठुलो बाढी आउनु र सुख्खायाममा नदीमा पानीको वहाव कम भएका कारण उत्पादन घट्न गएको हो । कुल उपलब्ध विद्युत मध्ये ६३.०३ गिगावाट आवर (८८.५७%) नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरिएको थियो र ६.४५ गिगावाट आवर (९%) आफ्नो वितरण व्यवसायलाई आपूर्ति गरिएको थियो ।

झिमरूक नदीमा २०७३ सालको श्रावण महिनामा आएको उच्च बाढीको कारण अण्डर स्लुस वे तथा हेडवर्कको अन्य संरचना एवं ग्याविन संरचनामा ठुलो क्षति पुऱ्यायो । विद्युत गृहको सुचारू संचालनका लागि क्षतिग्रस्त संरचनाहरूको मर्मत संभार गरिएको थियो । वर्षायाममा अत्यधिक वालुवाका कणहरू आउनु झिमरूक विद्युत गृहको टर्वाइन छिटो छिटो खिइने समस्याको र उत्पादनमा कमी आउनुको मुख्य कारण रह्यो । त्यसैगरी यस वर्ष नदीको वहाव कम हुनु पनि न्यून उत्पादनको कारण रह्यो । टर्वाइनको सबै हिस्साहरू जसमा रनर, गाईड भल्भ, साईड कभर, सिलिङ रिङ्ग, साफ्ट सिल तथा अन्य हिस्साहरू पर्दछन्, ति सबैको बृहद मर्मत संभार गरिएको थियो । मर्मत संभार तालिका वमोजिम निरोधात्मक मर्मत संभारको कार्य समेत गरिएको थियो । सिंचाईमा बढोत्तरी ल्याउन तथा विद्युत उत्पादनमा वृद्धिका लागि विभिन्न सामाजिक प्रभाव न्यूनिकरण कार्यहरू गरिएको थियो । आयोजनाको क्षेत्र तथा कृषकका जग्गा जमिनको संरक्षणका लागि नदी व्यवस्थापन (रिभर ट्रेनिङ्ग) गरिएको थियो ।

### वितरण व्यवसाय

यस वर्ष उपभोक्ताहरूलाई अघिल्लो वर्षको ३१.२७ गिगावाट आवरको तुलनामा ३०.६५ गिगावाट आवर बिक्री गरिएको थियो । यो अघिल्लो वर्षको तुलनामा २% ले न्यून हो । उपभोक्तालाई बिक्री गरिएको कुल ३०.६५ गिगावाट आवर मध्ये २७.७४ गिगावाट आवर (८०.७१%) मिटर जडित उपभोक्तालाई, ०.३८ गिगावाट आवर (१.२४%) मिटर जडान नगरिएका (कटआउट) उपभोक्तालाई तथा २.६८ गिगावाट आवर( ९.२९%) औद्योगिक उपभोक्तालाई बिक्री गरिएको थियो । वितरण प्रणालीमा विद्युत चुहावट/नोक्सानी १५.४२% रह्यो, जुन अघिल्लो वर्ष १७.३८% थियो ।

विद्युत उपभोगको ढाँचा हेर्दा अघिल्लो वर्षको हिसावमा औद्योगिक उपभोक्तालाई विद्युत बिक्रीमा केही परिवर्तन आएको छ र मिटर जडान नगरिएका उपभोक्तालाई विद्युत बिक्रीमा कमी आएको छ । यसको कारण मिटर जडान नगरिएका उपभोक्ताहरूलाई मिटर जडित उपभोक्तामा परिणत हुनु रहेको छ । औद्योगिक उपभोक्तालाई विद्युत बिक्री न्यून हुनुमा विद्युत महशुल पूर्नसंरचना कार्यान्वयन भई औद्योगिक उपभोक्ता अन्य प्रकारको उपभोक्तामा बर्गिकरण हुन गएको फलस्वरूप भएको हो ।

आ.व. २०७३।०७४ को अन्त सम्ममा कम्पनीमा २,७६४ नयाँ उपभोक्ताहरू थप हुँदै कुल उपभोक्ताको संख्या चार पहाडी जिल्लाहरूमा ५१,३६६ पुगेको छ । यो अघिल्लो वर्षको उपभोक्ताहरूको संख्याको तुलनामा ६% बृद्धि हुन आउँछ ।

बीस वर्षको लामो अवधी पश्चात विद्युत महशुल निर्धारण आयोगले मिति २०७३।०४।०१ देखि लागू हुने गरी आँधीखोला वितरण केन्द्रको विद्युत महशुल पूर्नसंरचना गरिदिएको छ । पूर्नसंरचना पश्चात् कायम विद्युत महशुल अझै पनि नेपाल सरकारको विद्युत वितरण सेवा प्रदायक संस्थाले लिने विद्युत महशुल भन्दा ३६ प्रतिशतले सस्तो रहेको छ । नयाँ महशुल दर कार्यान्वयनमा आए संगै वितरण व्यवसायको आम्दानी ३६% ले बृद्धि भएको छ । यसले वितरण व्यवसायमा हुने नोक्सानी कम गर्न मद्दत पुऱ्याएकोछ ।

## संचालनमा रहेका सहायक तथा सम्वद्ध कम्पनीहरु

### हिमाल पावर लिमिटेड

हिमाल पावर लि. ले ६० मेगावाट क्षमताको खिम्ती प्रथम जलबिद्युत आयोजना स्वामित्व धारण तथा संचालन गर्दछ । यो आयोजना जुलाई ५, २००० देखी व्यापारिकरूपमा संचालनमा आएको थियो । यस कम्पनीले आ.व. २०७३।०७४ मा कर पछिको खुद मुनाफा रू. ३ अरव २० करोड आर्जन गऱ्यो, जुन अघिल्लो वर्ष रू. २ अरव ८० करोड थियो । कम्पनीले हिमाल पावर लि.वाट आ.व. २०७३।७४ मा रू. ५४ करोड ८७ लाख नगद लाभांश प्राप्त गऱ्यो र सो भन्दा अघिल्लो वर्षमा रू. ५२ करोड ८५ लाख नगद लाभांश प्राप्त भएको थियो । २०७४ आषाढ मसान्त सम्म हिमाल पावर लि. को खुद सम्पत्ति रू. ६ अरव ७० करोड थियो ।

### हाइड्रो कन्सल्ट इन्जिनियरिङ लिमिटेड

हाइड्रो कन्सल्ट इन्जिनियरिङ लि. इन्जिनियरिङ परामर्श सेवा प्रदायक कम्पनी हो । यस कम्पनीले जलबिद्युत, सिंचाई तथा पूर्वाधार सम्बन्धी आयोजनाहरुमा सेवा विशिष्टिकरण गरेको छ र यसले वातावरणिय तथा सामाजिक प्रभाव मुल्यांकन सेवाहरू समेत प्रदान गर्दछ । यस कम्पनीले आ.व. २०७३।०७४ मा आफ्नो व्यवसायवाट रू. ११ करोड ९६ लाख आम्दानी गऱ्यो, जुन अघिल्लो वर्ष रू. १० करोड ५५ लाख थियो । यस कम्पनीले कर पछिको खुद मुनाफा रू. १ करोड २८ लाख आर्जन गरेको जनाएको छ, जुन अघिल्लो वर्षको खुद मुनाफा रू. १ करोड ५५ लाखको तुलनामा १७.५ प्रतिशतले न्यून हो । आ.व. २०७३।०७४ मा हाइड्रो कन्सल्ट इन्जिनियरिङ लि. वाट रू. २३ लाख नगद लाभांश तथा रू. २३ लाखको बोनस शेयर प्राप्त भएको छ । २०७४ आषाढ मसान्त सम्म हाइड्रो कन्सल्ट इन्जिनियरिङ लि. को खुद सम्पत्ति रू. ७ करोड ९७ लाख रहेको थियो ।

२०७४ सालको आषाढ मसान्त सम्म कम्पनीको लगानीको हिस्सा निम्न वमोजिम रहेको छ।

| सहायक कम्पनीमा लगानी | शेयर संख्या | रकम (रू.लागतमा) |
|---|---|---|
| नेपाल हाईड्रो एण्ड इलेक्ट्रिक लि. | ७,१५,८०० | ७,१५,८०,००० |
| खुदी हाइड्रोपावर लिमिटेड | ५,०४,००० | ५,०४,००,००० |
| खुदी हाइड्रोपावर लिमिटेड (अग्राधिकार शेयर) | ५,७६,००० | ५,७६,००,००० |
| बिपिसी सर्भिसेज लि. | १,००,००० | १,००,००,००० |
| न्यादी हाइड्रोपावर लिमिटेड | ४६,६६,५६० | ४६,६६,५६,००० |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | ११७,७८५ | १,१७,७८,५०० |
| न्यादी हाइड्रोपावर लि. लाई दिएको परिवर्तन गर्न सकिने कर्जा | – | १,९४,४४,००० |
| **सम्बद्ध कम्पनीहरूमा लगानी** | | |
| गुराँश इनर्जि लि. | १८,८८,५०० | १८,८८,५०,००० |
| कावेली इनर्जि लि. | २९,६६,८६० | २९,६६,८६,००० |
| गुराँश इनर्जि लि. लाई दिएको परिवर्तन गर्न सकिने कर्जा | - | १४,३१,३३,६०० |
| कावेली इनर्जि लि. लाई दिएको परिवर्तन गर्न सकिने कर्जा | - | १२,६०,०४४ |
| **जम्मा लगानी (लागत मुल्यमा)** | **१,१५,३५,५०५** | **१,३१,७३,८८,१४४** |

| बास्तविक मूल्य (फेयर भ्यालु) मा अन्य लगानीहरु | शेयर संख्या | बास्तविक मूल्यमा रकम रू. |
|---|---|---|
| हिमाल पावर लि. (चुक्ता भएको प्रति कित्ता रू. १०० का दर का शेयरहरू) | २९,७८,५०२ | १,१३,०७,१७,६२४ |
| हाइड्रो ल्याव प्रा.लि. (चुक्ता भएको प्रति कित्ता रू. १०० का दर का शेयरहरू) | १०,००० | ८९,७४,३१४ |
| जुम्दी हाइड्रोपावर कम्पनी लि. (चुक्ता भएको प्रति कित्ता रू. १०० का दरका शेयरहरू) | ६,३९५ | ६,३९,५०० |
| **बास्तविक मूल्यमा कुल अन्य लगानी** | **२९,९४,८९७** | **१,१४,०३,३१,४३८** |

**नेपाल हाइड्रो तथा इलेक्ट्रिक लिमिटेड**

१९८५ मा स्थापित नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि. हाइड्रोमेकानिकल उपकरणको उत्पादन तथा मर्मत संभार गर्दछ र यो नेपालमा इलेक्ट्रोमेकानिकल उपकरणहरूको मर्मतसंभार गर्ने प्रमुख कम्पनी हो । यसका अन्य उत्पादनहरूमा एच.भी. सवस्टेशन, प्रशारण टावर, पोलहरू तथा पुल जस्ता ठुला स्टिल संरचनाहरू रहेका छन् । नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि. आ.व. २०७३।०७४ मा रू. ५७ करोड ४७ लाख रूपैयाँको कारोवार गरी खुद मुनाफा रू. ९ करोड ८४ लाख (संयुक्त लगानीका आयोजनाहरूवाट प्राप्त नाफा रकम रू. ८ करोड ९८ लाखसमेत) आर्जन गरेको जनाएको छ, जुन अघिल्लो वर्ष रू. ७ करोड २९ लाख (संयुक्त लगानीका आयोजनाहरूवाट प्राप्त नाफा रकम रू. १ करोड ९० लाखसमेत) थियो । २०७४ को आषाढ मसान्त सम्ममा नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि. को खुद सम्पत्ति रू. ३६ करोड ३० लाख रहेको थियो ।

**खुदी हाइड्रोपावर लिमिटेड**

खुदी हाइड्रोपावर लि. ले ४ मेगावाट क्षमताको खुदी जलबिद्युत गृह स्वामित्व धारण तथा संचालन गर्दछ । यो आयोजना आ.व. २०६३।६४ देखी व्यापारिकरूपमा संचालनमा आएको हो । खुदी हाइड्रोपावर लि. ले यस वर्ष रू. ९ करोड ३६ लाख आम्दानी गऱ्यो, जुन अघिल्लो वर्ष तुलानामा १४.५ प्रतिशतले बृद्धि हो । यस कम्पनीले आ.व. २०७३।०७४ मा खुद मुनाफा रू. २ करोड ७९ लाख आर्जन गरेको जनाएको छ, जुन अघिल्लो वर्ष रू. १ करोड ८८ लाख थियो । २०७४ साल आषाढ मसान्तमा खुदी हाइड्रोपावर लि. को खुद सम्पत्ति रू. २० करोड १६ लाख रहेको छ ।

**हाइड्रो ल्याव प्रा.लि.**

हिमाल तथा हिमाली नदीहरूले सृजना गरेका नदीको इन्जिनियरिङ सम्बन्धी समस्याहरू समाधान गर्ने एक पहलकदमीको रूपमा सन् १९८८ मा हाइड्रो ल्याव प्रा.लि. को स्थापना गरिएको थियो । हाइड्रो ल्याव प्रा.लि. मा रहेको हाइड्रोलिक्स तथा सेडिमेन्ट प्रयोगशालामा सुविधा सम्पन्न उपकरणहरू रहेका छन् र हाइड्रोलिक संरचना तथा सेडिमेन्ट विश्लेषणका साथ साथै नदीको हाइड्रोलिक नमूना अध्ययन कार्यमा कम्पनीले वृहत अनुभव बटुलेको छ । आ.व. २०७३।०७४ मा हाइड्रो ल्याव प्रा.लि.ले रू. २ करोड ९८ लाखको कारोवार गऱ्यो, जुन अघिल्लो वर्ष रू. १ करोड ४७ लाख थियो । खुद मुनाफा अघिल्लो वर्ष रू. ८ लाख भएकोमा यस वर्ष रू. ६३ लाख आर्जन गरेको छ । २०७४ साल आषाढ मसान्त सम्ममा हाइड्रो ल्याव प्रा.लि. को खुद सम्पत्ति रू. ८ करोड ६९ लाख रहेको छ ।

**बिपिसि सर्भिसेज लिमिटेड**

बिपिसि सर्भिसेज लि. सन् २००६ मा कम्पनीको एकल स्वामित्वमा स्थापित सहायक कम्पनी हो । यस कम्पनी नेपालमा बिद्युत गृहहरू, प्रसारण तथा वितरण प्रणालीको संचालन तथा मर्मत संभार सम्बन्धी नविन सेवा प्रदान गर्ने कम्पनी हो । बिपिसि सर्भिसेज लि.ले जलबिद्युतको विकासमा संलग्न भएका कम्पनीहरूलाई सक्षम प्राविधिक दक्षता समेत प्रदान गरिरहेको छ । बिपिसि सर्भिसेज लि. ले आ.व. २०७३।०७४ मा रू. ६ लाख खुद मूनाफा आर्जन गऱ्यो । २०७४ साल आषाढ मसान्त सम्ममा बिपिसि सर्भिसेज लि. को खुद सम्पत्ति रू. १ करोड ३८ लाख ८० हजार रहेको छ ।

**कावेली इनर्जि लिमिटेड**

कावेली इनर्जि लि.ले नेपाल सरकारसंग भएको आयोजना विकास सम्झौता अनुसार निर्माण, स्वामित्वकरण, संचालन तथा हस्तान्तरण ढाँचामा आधारित भई ३७.६ मेगावाट क्षमताको कावेली ए जलविद्युत आयोजनाको विकास गरीरहेको छ । सो आयोजनाले वार्षिकरूपमा २०५ गिगावाट आवर बिक्रीयोग्य उर्जा उत्पादन गर्ने अपेक्षा गरिएको छ । यस कम्पनीको कावेली इनर्जि लि. मा प्रत्यक्षरूपमा २६% शेयरहरू तथा बाँकी संयुक्त लगानीको कम्पनी गुराँस इनर्जि लि. मार्फत हुने २८% लगानी समेत गरी ५४% शेयर लगानी रहेको छ । यस कम्पनीले कावेली इनर्जि लि. मा रू. २९ करोड ६७ लाख शेयर लगानी गरीसकेको छ । आ.व. २०७३।०७४ को अन्त्य सम्ममा आयोजनाको पूँजीगत कार्यप्रगती रू. ७८ करोड ९२ लाख रहेको छ । मार्च २३, २०१७

मा निर्माण कार्यको शिलान्याससंगै आयोजनाको निर्माण कार्य प्रारम्भ भएको छ । चिनिया इपिसी ठेकेदारले अस्थायी आवास निर्माण संगै निर्माण स्थलमा प्रवेश गरिसकेको छ र बाँध स्थल तर्फवाट ३३० मीटर सुरूङ खनिसकेको छ । हाल सुख्खा याममा बाँधको जग निर्माणका लागि नदीलाई डाईभर्ट (बहाव परिवर्तन) गर्ने काम भईरहेको छ । सर्जसाफ्ट तथा हेडरेसको सुरूङ बाहिर निस्कने हिस्साको निर्माण उच्च गतिमा भईरहेको छ ।

**न्यादी हाइड्रोपावर लिमिटेड**

यस कम्पनीको बहुमत शेयर स्वामित्व सहित विशेष उद्देश्यको कम्पनीको रूपमा रहेको न्यादी हाइड्रोपावर लि. ले ३० मेगावाटको न्यादी जलबिद्युत आयोजना विकास गरिरहेको छ । मिति २०६९।११।३ मा ३५ वर्षको अवधीका लागि सो आयोजनाको उत्पादन अनुमतिपत्र प्राप्त भएको छ र मिति २०७२।२।१२ मा विद्युत खरिद बिक्री सम्झौता भएको छ । मार्च २३, २०१७ मा निर्माण कार्यको शिलान्यास संगै ठेकेदार निर्माणस्थलमा परिचालित भई निर्माण आवास गृह, पहुँच मार्ग, विष्फोटक पदार्थको व्यवस्थापन, सुरूङ खन्ने आदि कार्यहरू शुरू गरेको छ । आ.व. २०७३।०७४ को अन्त्य सम्ममा यस आयोजनाको पूँजीगत कार्य प्रगती रू. ७२ करोड १४ लाख रहेको छ । आयोजना निर्माण स्थलमा करीव एक तिहाई मुख्य सुरूङ खन्ने कार्य यस अघिनै सम्पन्न भई निर्माण कार्य सन्तोषजनक रहेको छ र पेनस्टक पाईपको तयारी भईरहेको छ । बाँधस्थलमा डाइभर्सन सुरूङ निर्माणको कार्य सम्पन्न भएको छ ।

**गुराँश इनर्जि लिमिटेड**

गुराँश इनर्जि लि. नेपालमा जलविद्युत आयोजनाहरू तथा अन्य पूर्वाधार आयोजनाहरू प्राप्त गर्न, विकास गर्न, त्यस्ता आयोजनाहरूमा वित्तिय लगानी गर्न, स्वामित्वमा लिन तथा संचालन गर्नको लागि इन्फ्राको एशियासंगको संयुक्त लगानीमा संस्थापित कम्पनी हो । यस कम्पनीमा इन्फ्राको एशियाको ६०% हिस्सा सहित बहुमत शेयर लगानी रहेको छ भने बिपिसीको ४०% हिस्सा रहेको छ । कावेली इनर्जि लि. मा गुराँश इनर्जि लि. को ६९% बहुमत शेयर रहेको छ । आ.व. २०७३।०७४ मा गुराँश इनर्जि लि.को खुद नोक्सानी रू. ४० लाख रहेको छ । २०७४ साल आषाढ मसान्त सम्ममा गुराँश इनर्जि लि. को खुद सम्पत्ति रू. ८० करोड ५४ लाख रहेको छ । जसमा रू. २ करोड ४५ लाख नोक्सान समेत समाविष्ट छ ।

## नयाँ आयोजनाहरु

**लोअर मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना**

लोअर मनाङ मर्स्याङदी जलबिद्युत आयोजना १४० मे.वा. मनाङ जिल्लाको दक्षिणी भेगमा पर्दछ । यस आयोजना अध्ययन कार्यहरूः संभाव्यता अध्ययन, जियोटेक्निकल अनुसन्धान, वातावरणीय प्रभाव मुल्यांकनको कार्य तथा हाइड्रोलिक मोडल अध्ययन सम्पन्न भएका छन् । जनसंख्या तथा वातावरण मन्त्रालयवाट मिति २०७०।१२।७ मा वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन स्वीकृत भइसकेको छ । आयोजनाको उत्पादन अनुमतिपत्र प्राप्तीको प्रक्रिया अन्तिम चरणमा पुगेको छ र यस आयोजनाको उत्पादन अनुमतिपत्र जारी गर्नका लागि विद्युत विकास विभागले सार्वजनिक सूचना जारी गरेको छ । साथै, विद्युत खरिद बिक्री सम्झौता गर्ने प्रक्रियालाई तिव्रता दिइएको छ ।

यस आयोजनावाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले निर्माण गर्ने २२० के.भी.को मर्स्याङदी कोरीडोर प्रशारण लाईन मार्फत प्रशारण गरिने छ । आ.व २०७३।०७४ को अन्त्य सम्ममा यस आयोजनामा पूँजीगत कार्य प्रगतिको रूपमा रू. १६ करोड १९ लाख लगानी गरिसकिएको छ । यस आयोजना निर्माणको लागि शेयर लगानीकर्ता साझेदार छनौट भईसकेको छ ।

**चिनोखोला साना जलविद्युत आयोजना**

चिनोखोला साना जलविद्युत आयोजना लोअर मनाङ मर्स्याङदी जलबिद्युत आयोजनाको हेडवर्कस् नगिचै रहेको छ । यस आयोजनाको संभाव्यता अध्ययन कार्य सम्पन्न भएको छ र यसको जडित क्षमता ८.५ मेगावाट कायम गरिएको छ । यस आयोजनाको सर्वेक्षण अनुमतिपत्रमा संशोधन गरी हाल कायम जडित क्षमतालाई उर्जा मन्त्रालयले स्वीकार गरेको छ । वातावरणीय प्रभाव मुल्यांकन अध्ययनका लागि

मिति २०७३।०४।११ वन मन्त्रालयबाट सहमति प्राप्त भएको छ ।

जनसंख्या तथा वातावरण मन्त्रालयवाट मिति २०७४।४।१९ मा वातावरणीय प्रभाव मुल्यांकनको क्षेत्र तथा शर्तहरू निर्धारणलाई स्वीकृत गरेको छ । हाल यस आयोजनाको वातावरणीय प्रभाव मुल्यांकन तथा विस्तृत डिजाईनको कार्य परामर्शदाताहरूवाट भई रहेको छ । यस आयोजनावाट उत्पादित विद्युत लोअर मनाङ मर्स्याङ्दी जलबिद्युत आयोजनामा निर्माणको लागि आवश्यक विद्युत आपूर्ति गर्न तथा नेपाल विद्युत प्राधिकरणलाई समेत बिक्री गर्ने योजना बनाइएको छ । आ.व. २०७३।०७४ को अन्त्य सम्ममा यस कम्पनीले सो आयोजनामा पूँजीगत कार्य प्रगतिकोरूपमा रू. १ करोड ३४ लाख लगानी गरिसकेको छ ।

## नयाँ पहलहरु

यस वर्ष यस कम्पनीले नयाँ जलविद्युत आयोजनाहरूको निर्माणमा संयुक्त लगानी सहकार्यका माध्यमवाट चिनिया साझेदारहरूसंग आफ्नो व्यवसायिक सम्बन्ध बिस्तार गरेको छ । बीपीसी, Sichuan Provincial Investment Group Co. Ltd, Chengdu Xingcheng Investment Group Co. Ltd. / Qing Yuan Engineering Consulting Co. Ltd. को संयुक्त लगानीमा लोअर मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना शुरू भईरहेको छ । यससंगै भविश्यमा अन्य विभिन्न आयोजनाहरूमा लगानीहरू गरिनेछ ।

उर्जा मन्त्रालयवाट १६० मेगावाटको मुगु कर्णाली जलविद्युत अयोजनाको सर्वेक्षण अनुमतिपत्र लिइएको छ । यस आयोजनाको संभाव्यता अध्ययनको कार्य हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. ले शुरू गरेको छ ।

## व्यवस्थापन

यस कम्पनीको व्यवस्थापनमा प्रमुख कार्यकारी अधिकृत श्री उत्तर कुमार श्रेष्ठले नेतृत्व गर्नु भएको छ । नेपालको विद्युतीय सेवा क्षेत्रमा उहाँको लामो अनुभव रहेको छ ।

## मानव संशाधन

आर्थिक वर्ष २०७३।०७४ को अन्त सम्ममा कर्मचारीहरूको संख्या २०६ पुरूष तथा २३ महिला सहित जम्मा २२९ थियो । कम्पनीको मानव संशाधनको आधारलाई सुदृढ गर्ने कार्यलाई नियमित प्रक्रियाकोरूपमा लिइएको छ ।

| आ.व.को अन्त्यमा | कुल कर्मचारीहरु | स्थायी | करार |
|---|---|---|---|
| २०७३।०७४ | २२९ | २१२ | १७ |
| २०७२।०७३ | २४१ | २१२ | २९ |

कर्मचारीहरूको क्षमता अभिवृद्धि एवं पेशागत विकास तथा कम्पनीको भविश्यको आवश्यकतालाई सम्बोधन गर्नको निमित्त तालिमहरू, वर्कशपहरू र सेमिनारहरू सहित विभिन्न कार्यक्रमहरू गरिएको थियो ।

## संचालक समिति

संचालक समितिमा केही हेरफेर भएको छ । नेपाल सरकारले संचालक श्री श्याम किशोर यादवको स्थानमा मिति २०७३।१०।२३ देखी लागु हुने गरी श्री चिरन्जिवी चटौतलाई संचालक मनोनयन गरेको छ । श्री श्याम किशोर यादव मिति २०७१।५।३१ देखी मिति २०७३।१०।२२ सम्म कार्यरत् रहनु भयो । नयाँ शेयर निष्काशन पश्चात् सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने दुई जना संचालकहरू सुनिश्चित् गर्नका लागि संचालक समितिलाई पूर्नसंरचना गरिनेछ । संचालक समितिको पूर्नसंरचनाका लागि अलग्गै बिशेष प्रस्ताव बार्षिक साधारण सभामा प्रस्तुत गरिएको छ ।

## संचालक समिति अन्तर्गतका समितिहरु

कम्पनी ऐन, २०६३ अनुसार गठित लेखापरीक्षण समिति लगायत संचालक समिति अर्न्तगतका समितिहरूले आफ्नो कर्तव्य तथा जिम्मेवारीहरू प्रभावकारी रूपमा संपादन गरेका छन् ।

- लेखापरीक्षण समितिले कम्पनीको आन्तरिक नियन्त्रण तथा वित्तिय सुशासनको लागि महत्वपूर्ण योगदान गरेको छ ।
- वित्त तथा बजेट समितिले कम्पनीको बजेटको परीक्षण तथा नियन्त्रण गरी तथा कम्पनीको वित्तिय व्यवस्थापनमा रणनीतिक

मार्गदर्शन गरी संचालक समितिलाई मद्दत गरेको छ ।

- संचालन तथा मर्मत संभार समितिले कम्पनीको उत्पादन तथा वितरण व्यवसायको संचालन, मर्मत संभार तथा संचालन कार्य कुशलताका लागि व्यवस्थापनलाई मार्गदर्शन गर्ने कार्य गऱ्यो ।

कम्पनीको शेयर संरचना, संचालक समितिको बनौट, संचालक समिति अर्न्तगतका समितिहरू तथा त्यसका सदस्यहरूका विषयमा संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## कम्पनीको शेयर संरचना

कम्पनीको शेयर संरचना परिवर्तन भएको छैन । यस आ.व २०७३/७४ आषाढ मसान्तसम्ममा कायम शेयरधनीहरूको संख्या ३१०८ रहेको छ । नयाँ निष्काशन पश्चात् ८४,८१० नयाँ शेयरधनीहरू थप भएका छन् । यसवाट सर्वसाधारण शेयरधनीहरूको हिस्सा २९.१०% कायम भई शेयर संरचनामा परिवर्तन भएको छ ।

## संस्थागत सुशासन

बीपीसी असल संस्थागत सुशासनका लागि प्रतिवद्ध छ । हामी आफ्नो दृष्टिकोण, लक्ष तथा मुल्य मान्यताहरूलाई पछ्याउने क्रममा नैतिक, इमान्दार तथा पारदर्शी भई शेयरधनीहरूको विश्वासलाई कायम राख्न प्रयत्नरत् छौं । हामीले प्रत्येक वर्ष संचालक समितिको काम कारवाही तथा यसको कार्य संपादन, आन्तरिक नियन्त्रण प्रणाली एवं जोखिम व्यवस्थापनका सम्बन्धमा पारदर्शी भई संस्थागत सुशासन प्रतिवेदन तयार गर्दछौं । संस्थागत मूल्य संरचना सम्बन्धी दस्तावेज कार्यान्वयनमा छ, जसमा कम्पनीको दृष्टिकोण, लक्ष, मूल्य मान्यता, व्यवसायको नीति तथा सिद्धान्तहरू, संस्थागत सुशासनका नियमहरू, आचरण तथा नैतिकता सम्वन्धी नियमहरू तथा निर्देशिकाहरू समाविष्ट छन् । सो मुल्य संरचना कम्पनीका कर्मचारी देखी संचालकहरू सम्म सबैलाई लागु हुन्छ । यसका मुलभुत पक्षहरू कानूनी व्यवस्थाको पालना, स्वच्छता, पूर्णता, इमान्दातारिता तथा वातावरणीय प्रभाव तथा सरोकारवालाहरूको हितलाई मध्यनजर गर्दै व्यक्तिगत तथा व्यवसायिक सम्बन्धमा उच्च स्तरको नैतिकता तथा व्यवहारको अभ्यासका निमित्त प्रवृत्त हुने रहेका छन् । प्रचलित कानून वमोजिम पेश गर्नु पर्ने प्रतिवेदनहरू समयमै नियमनकारी निकायहरूमा पेश गरिएको छ । संस्थागत सुशासन प्रतिवेदन कम्पनीको वार्षिक प्रतिवेदनमा अलग्गैरूपमा प्रकाशित गरिएकोछ ।

## स्वास्थ्य, सुरक्षा तथा वातावरण

आई.एस.ओ. ९००१:२००८ (गुणस्तर), आई.एस.ओ. १४००१:२००४ (वातावरण) तथा आई.एस.ओ. १८००१:२००७ पेसागत स्वास्थ्य तथा सुरक्षा (ओसास) व्यवस्थापन प्रणालीहरूद्धारा कम्पनी पूनः प्रमाणित भएको छ । ओसास व्यवस्थापन प्रणालीले पेसागत स्वास्थ्य तथा सुरक्षाका विषयमा कम्पनी भित्र चेतना अभिबृद्धि गर्न तथा व्यवस्थापन गर्न मद्दत पुऱ्याएको छ । ती प्रणालीहरूलाई कम्पनीको समग्र व्यवसाय संचालन, प्रणाली तथा कार्यविधिहरूमा एकिकृत तथा कार्यान्वयन गरिएको छ । सबै कर्मचारीको औषधोपचार तथा दुर्घटना वीमा गराइएको छ । व्यवस्थापन प्रणालीहरूको निरन्तर सुधारका लागि सो को आन्तरिक तथा बाह्य लेखापरीक्षणहरू गरिएको छ । सुरक्षितरूपमा काम गर्ने वातावरण सुनिश्चित् गरिएको छ र सुरक्षा उपकरणहरू दुरूस्त राखिएको छ । कम्पनीले हाल अवलम्वन गर्दै आएको ९००१:२००८ र १४००१:२००४ मापदण्डहरूको सट्टा नयाँ आई.एस.ओ. मापदण्डहरूः ९००१:२०१५ (गुणस्तर) र आई.एस.ओ. १४००१:२०१५ (वातावरण) अवलम्वन गर्ने योजना रहेको छ ।

## कम्पनीको औधोगिक संलग्नता तथा बाह्य सम्वन्ध

यस कम्पनी आफ्ना सरोकारवालाहरूसंग जोडिएको छ र सेमिनार, तालिम, गोष्ठी तथा परोपकारी गतिविधीहरू जस्ता विभिन्न माध्यमहरूवाट उनीहरू संगको सम्बन्धलाई अभिवृद्धि गर्नका लागि प्रतिवद्ध छ । यस कम्पनी नेपाल उद्योग वाणिज्य महासंघ, स्वतन्त्र उर्जा उत्पादक संघ, नेपाल उद्योग परिसंघ, इन्टरनेशनल हाइड्रोपावर सेन्टर, नर्वे, उर्जा विकास परिषद् तथा नेपाल टनेलिङ्ग एशोशियसनको संस्थागत सदस्य हो । बीपीसीले अन्तराष्ट्रिय वित्त संस्था, विश्व बैक, नर्वेको विदेश मामिला मन्त्रालय, सिङ्गापुर स्थित इन्फ्राको एसिया जस्ता अन्तराष्ट्रिय संस्थाहरूसंग समेत

जलविद्युत आयोजनाहरू विकासको लागि विभिन्न तहमा संलग्न छ । यस कम्पनीले तीन चिनियाँ प्रख्यात कम्पनीहरूः Sichuan Provincial Investment Group Co. Ltd, Chengdu Xingcheng Investment Group Co. Ltd. / Qing Yuan Engineering Consulting Co. Ltd. संग साझेदारी निर्माण गरेको छ । चीनको जलविद्युत क्षेत्रको विकासमा यी कम्पनीहरूले आफ्नो सफलता दर्ज गराएका छन् ।

## संस्थागत जोखिम व्यवस्थापन

कम्पनी भित्र जोखिमको पहिचान, मुल्यांकन, योजना निर्माण तथा निरूपणका माध्यमवाट संस्थागत जोखिम व्यवस्थापन प्रणाली लागु गरिएको छ । यस कम्पनीले नियमितरूपमा जोखिमलाई उच्च, मध्यम तथा न्यून जोखिमकोरूपमा मापन तालिकाका माध्यमवाट जोखिमको विश्लेषण गर्दै जोखिम व्यवस्थापनका उपयुक्त रणनीति अवलम्वन गर्दछ । जोखिमलाई सापेक्षितरूपमा न्यून स्तरमा कायम गर्नका लागि जोखिमको प्रकार तथा कम्पनीको जोखिम बहन गर्न सक्ने क्षमताका आधारमा जोखिमहरू आउने नदिने, हस्तान्तरण गर्ने, न्यूनिकरण गर्ने तथा स्वीकार गर्ने गरिन्छ । कम्पनी भित्र विभिन्न व्यवसायिक इकाईहरूले गरेका काम कारवाहीसंग सम्बन्धित जोखिमहरूको अनुगमन जोखिम व्यवस्थापन समितिले गर्दै आएको छ । मानव संशाधन लगायत कम्पनीका सबै सम्पत्तिहरूको भरपर्दो बीमा कम्पनीमा बीमा गरिएको छ ।

## आन्तरिक नियन्त्रण

व्यवस्थापकिय प्रणालीहरूको निरन्तर सुधार तथा कार्यान्वयनको निमित्त आवधिकरूपमा आई.एस.ओ. अर्न्तगत आन्तरिक तथा बाह्य लेखापरीक्षणहरू गरिएको छ । साथै, कम्पनीको आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापनको मुल्यांकन गर्नको लागि स्वतन्त्र लेखापरीक्षकवाट आन्तरिक लेखापरीक्षण गरिदै आएकोछ । आन्तरिक लेखापरीक्षकका सिफारिसहरू तथा लेखापरीक्षण समितिका निर्णयहरू प्रभावकारीरूपमा कार्यान्वयन गरिएको छ । श्री पि.एल श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्, ले आ.व. २०७३।०७४ मा कम्पनीको आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरेको छ ।

## वाह्य लेखापरीक्षण

श्री बि.आर.एस. न्यौपाने एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्, ले यस कम्पनीको आ.व. २०७३।०७४ को हिसाव किताव लेखापरीक्षण गऱ्यो । लेखापरीक्षकले कम्पनीको वित्तिय विवरण उपर नकारात्मक टिप्पणी रहित प्रतिवेदन जारी गरेको छ ।

## शेयरधनीहरुको सुझाव तथा संचार

शेयरधनीहरूका सुझावहरूलाई गम्भिरतापूर्वक लिइएको छ र त्यसको गाम्भिर्यता तथा कम्पनीको व्यवसायिक हितका आधारमा कार्यान्वयन गरिएको छ । त्रैमासिक प्रतिवेदन, संक्षिप्त प्रतिवेदन, वार्षिक प्रतिवेदन, बार्षिक साधारण सभाको निर्णय पुस्तिकाहरू प्रकाशित गरी संचारका सबै माध्यमहरूको प्रयोग गरिएको छ र ति प्रकाशनहरू शेयरधनीहरूको जानकारीको लागि कम्पनीको वेभपेजमा हेर्न मिल्ने व्यवस्था मिलाइएको छ । कम्पनीले निरन्तर सुधारको लागि शेयरधनीहरूलाई सुझावहरू दिन प्रोत्साहित गर्दछ र शेयरधनीहरूका सुझावहरूको स्वागत गर्दछ । यस वर्षमा शेयर जफत भएको वा कम्पनीले आफ्नो शेयर आफैंले खरिद गरेको छैन ।

## सम्बद्ध पक्षसंगको कारोवारहरु

यस कम्पनीले सहायक तथा सम्वद्ध कम्पनीहरूसंग उत्तम औद्योगिक प्रचलनहरू अनुसार व्यवसायिक हिसावले कारोवारहरू गर्दछ । कम्पनीले आफ्ना सहायक तथा संलग्न कम्पनीहरूसंग गरेका मुख्य मुख्य सबै कारोवारहरूका सम्बन्धमा आ.व. २०७३।०७४ को वित्तिय विवरणहरूमा खुलाइएको छ ।

## पुरस्कार तथा प्रशंसापत्र

यस कम्पनीले हालै *Frost & Sullivan – 2017 Nepal Market Leadership Award in Hydropower* प्राप्त गरेको छ । यस कम्पनीलाई वार्षिक प्रतिवेदनको उत्कृष्ट प्रस्तुतीकरणका लागि नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले "उत्कृष्ट बार्षिक प्रतिवेदन प्रस्तुती अवार्ड, २०१६" प्रदान गरेको छ । साथै, सुदृढ पारदर्शिता, जवाफदेहीता तथा सुशासनका लागि सन् २०१५ का लागि South Asian Federation of Accountants (SAFA) ले यस कम्पनीलाई उत्पादन समूह अर्न्तगत मेरिट प्रमाणपत्र प्रदान गरेको छ ।

## व्यवसाय तथा लगानीको वातावरण

नेपालले विगत धेरै वर्ष देखी निरन्तररूपमा विद्युत भार कटौतीलाई अन्त्य गर्नका लागि आन्तरिक श्रोतहरूवाट तथा छिमेकी राष्ट्रवाट विद्युत आपूर्ति गरी विद्युत आपूर्तिको व्यवस्थापन गर्ने कोशिस गरिहेको छ । राष्ट्रलाई विद्युतमा आत्मनिर्भर बनाउन नेपाल सरकारले आ.व. २०७४।०७५ को बजेटमा "नेपालको पानी जनताको लगानी" कार्यक्रम अर्न्तगत उज्यालो नेपाल अभियानका माध्यामवाट सात बर्ष भित्र १० हजार मेगावाट विद्युत उत्पादन गर्ने योजना बनाएको छ । जलविद्युतको विकासलाई अघि बढाउने तथा बिद्युत खरिद बिक्रीको सम्झौतालाई सहजिकरण गर्न, नेपाल सरकारले नदीको बहावमा आधारित आयोजना, उच्च माग भएको समयमा बढी उत्पादन गर्न सकिने प्रकारको नदीको बहावमा आधारित आयोजना तथा स्टोरेज आयोजनाको विद्युत खरिद दर सम्बन्धी निर्देशिका ल्याएको छ । त्यसका अतिरिक्त विदेशी लगानीकर्ताहरूलाई लगानी मैत्री वातावरण निर्माणका लागि नेपाल सरकारले १०० मेगावाट भन्दा ठुला आयोजनाहरूका लागि अमेरिकी डलरमा विद्युत खरिद दर निर्धारण गरिदिएको छ ।

जलविद्युत आयोजनाको विकासका लागि अन्य आकर्षणमा नेपाल सरकारले आ.व. २०७९।८० सम्ममा निर्माण सम्पन्न गर्ने जलविद्युत आयोजनाहरूलाई छिटो निर्माण सम्पन्न गरे वापत पहिलो दश वर्षको लागि पुरै र त्यसपछिको पाँच वर्षको लागि पचास प्रतिशत आयकर छुटको सुविधा दिने व्यवस्था गरेको छ । साथै ति आयोजनाहरूले आ.व. २०७९।८० सम्ममा सम्पन्न भएमा रू. ५० लाख आर्थिक सहयोग प्राप्त गर्नका लागि योग्य समेत हुनेछन् । सो सहायता प्राप्त गर्नका लागि न्यादी तथा कावेली ए जलविद्युत आयोजनाहरूको निर्माण सम्पन्न उक्त अवधी भित्रै गर्ने लक्ष राखिएको छ ।

## लाभांश

कम्पनीले स्थिर लाभांश नीति अख्तियार गरेको छ । लाभांश नीति तथा जलविद्युत आयोजनाहरू विकास गर्ने कम्पनीको भविश्यका योजनाहरू समेतलाई बिचार गरी संचालक समितिले आफ्ना शेयरधनीहरूलाई आ.व. २०७३।०७४ को मूनाफावाट चुक्ता पूँजीको २० (बीस) प्रतिशत नगद लाभांश वितरण गर्नका लागि २५ औं बार्षिक साधारण सभामा प्रस्ताव गरेको छ ।

## आगामी वर्ष:

कम्पनीको आगामी वर्ष उत्साहपूर्ण र चुनौतिपूर्ण हुनेछ । कावेली ए जलविद्युत आयोजना तथा न्यादी जलविद्युत आयोजनाको निर्माण कार्य आफ्नै गतिमा अघि बढ्नेछ । लोअर मनाङ मर्स्याङदी जलविद्युत आयोजना तथा चिनो खोला साना जलविद्युत आयोजनाको तयारी कार्यलाई तिब्रता दिइने छ । १६० मेगावाटको मुगु कर्णाली जलविद्युत आयोनजाको संभाव्यता अध्ययन कार्य प्रारम्भ हुनेछ । चीनीया कम्पनीहरूसंगको संयुक्त लगानीमा पाँच वर्ष भित्र १००० मेगावाटको निर्माण कार्य प्रारम्भ गर्ने लक्षलाई साकार गर्न तिब्रता दिइनेछ । त्यस तर्फ केही प्रगति समेत भएको छ । संचालनमा रहेका विद्युत गृहहरू, वितरण व्यवसाय तथा विभिन्न कम्पनीमा गरिएका लगानीको व्यवस्थापन प्रभावकारीरूपमा गरिनेछ ।

## कृतज्ञता ज्ञापन

कम्पनीको प्रगतिको लागि आ.व. २०७३।०७४ मा प्रत्यक्ष वा परोक्ष रूपले योगदान दिने, सहयोग गर्ने तथा सहायता दिने नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण, विदेशी साझेदारहरू, सेवाग्राही, ठेकेदारहरू, बिक्रेता, सप्लायर, संवद्ध संस्थाहरू, वैंकहरू, लेखापरीक्षकहरू र अन्य संस्था तथा व्यक्तिहरूप्रति हामी आभारी छौं ।

संचालक समिति अर्न्तगतका समितिहरूका सदस्यहरू, व्यवस्थापन समूह तथा कर्मचारीहरूलाई कम्पनीको प्रगतिको लागि गर्नु भएको समर्पण एवं निरन्तर योगदानको लागि तथा शेयरधनीहरूलाई हामी प्रति देखाउनुभएको विश्वासको लागि हार्दिक धन्यवाद दिन चाहान्छौं

धन्यवाद ।

संचालक समितिको तर्फवाट

**पद्म ज्योति**
अध्यक्ष
मितिः २०७५/०२/०८

# संक्षिप्त आर्थिक प्रतिवेदन

## आ.व. २०७३/७४ को (कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार)

**शेयरधनीज्यूहरु,**

१. कम्पनीले यस वर्ष आफ्नो स्वर्णिम वार्षिकोत्सवको अवसर पारेर ३७.६ मेगावाटको कावेली ए जलविद्युत आयोजना र ३० मेगावाटको न्यादी जलविद्युत आयोजनाको निर्माणकार्यको समुद्घाटन गरेको छ । हालसालै कम्पनीले चिनिया साझेदारहरूसंग मिलेर नयां जे.भी. कम्पनी पनि दर्ता गरेको छ । यसले १४० मेगावाट क्षमताको लोअर मनाङ मर्स्याङ्दी आयोजनाको विकासका साथै आगामी पांचवर्ष भित्र करिव २ विलियन डलरको लगानीमा १००० मेगावाट क्षमताको जलविद्युत आयोजनाहरू निर्माण गर्ने लक्ष्य राखेको छ । यस कम्पनीले करिव १६० मेगावाट क्षमताको मुगु कर्णाली जलविद्युत आयोजनाको सर्वेक्षण लाइसेन्स पनि प्राप्त गरेको छ ।

२. कम्पनीले यस वर्ष खुद मूनाफा ७.८% ले बृद्धि गरी रू. ६६ करोड ८० लाख आर्जन गर्न सफल भएको छ । कम्पनीले वार्षिक कारोवारमा पनि ११.३ % बृद्धि गरी रू. ६६ करोड २९ लाख बराबरको विद्युत विक्री गर्न सफल भएको छ । कम्पनीको वार्षिक कारोबार बढ्नुको मुख्य कारण आँधिखोला बिद्युत गृहले ९.४ मेगावाटको पूर्ण क्षमतामा बिद्युत उत्पादन गर्नु तथा विद्युत वितरणको मूल्य संरचनामा बृद्धि हुनु रहेको छ । त्यसैगरी कम्पनीको खुद मूनाफा बढ्नुको मुख्य कारणहरूमा संचालन नाफा तथा नगद लाभांश आम्दानी दुबैमा बृद्धि हुनु रहेको छ ।

३. कम्पनीले यसवर्ष आफ्नो वित्तीय विवरणहरू Nepal Financial Reporting Standard (NFRS) बमोजिम तयार गरी प्रस्तुत गरेको छ । यस अनुरूप कम्पनीको आफ्नो वित्तीय विवरणका साथै सहायक एवं सम्बद्ध कम्पनीहरू सहितको Group consolidated financial statement पनि तयार गरेको छ । कम्पनीको वित्तिय परिणाम तथा समुहगत कम्पनीहरू सहितको वित्तीय परिणामहरूको सारसंक्षेप निम्न अनुसार रहेको छ ।

४. यस वर्ष आँधीखोला बिद्युत गृहवाट ६८.४९ तथा झिमरूक बिद्युत गृहवाट ६८.२३ गिगावाट आवर बिद्युत उत्पादन भयो । आँधीखोला बिद्युत गृहवाट उत्पादित विद्युत मध्ये ३८.६३ गिगावाट आवर तथा झिमरूक बिद्युत गृहवाट उत्पादित विद्युत मध्ये ६३.०३ गिगावाट आवर नेपाल विद्युत प्राधिकरणलाई बिक्रि गरिएको थियो ।

५. कम्पनीले आफ्ना वितरण प्रणालीमा उपलब्ध विद्युत मध्ये ३०.८५ गिगावाट आवर बिद्युत आफ्ना ग्राहकहरूलाई बिक्री गऱ्यो । यो बिक्री गत बर्षको बिद्युत बिक्री भन्दा २% ले न्यून हो । तर विद्युत विक्री दर २०७३ श्रावणदेखि बृद्धि भएको कारण बिक्री आम्दानीमा ३६% ले बृद्धि भएको छ । आ.व. २०७३।७४ को अन्तसम्ममा कम्पनीको वितरण व्यवसाय अर्न्तगत स्थानीय उपभोक्ताहरूको संख्या ६% ले बृद्धि भई ५१,३६६ जना पुगेको छ ।

६. संचालनमा रहेका सहायक तथा संवद्ध कम्पनीहरूको कार्य सम्पादन यस प्रकार रहेको छ ।

(क) ६० मेगावाट क्षमताको खिम्ती प्रथम बिद्युतगृह संचालन गर्ने हिमाल पावर लि. ले आ.व. २०७३।७४ मा रू. ३ अरव १६ करोड खुद नाफा आर्जन गऱ्यो जुन गत वर्षको तुलनामा ३६ करोडले बढी हो । बिपिसीले उक्त आ. व. मा हिमाल पावर लि. बाट रू. ५४ करोड ८७ लाख लाभांश प्राप्त गरेको थियो, जुन गत वर्षको तुलनामा रू. २ करोडले बढी हो ।

(ख) हाइड्रो कन्सल्ट इन्जिनियरिङ लि. एक इन्जिनियरिङ परामर्शदाता कम्पनी हो । यस कम्पनीले गत वर्षको तुलनामा १३.४% ले कारोवारमा बृद्धि गरी रू ११ करोड ९६ लाखको कारोवार गऱ्यो भने खुद मूनाफामा भने १७.५% ले न्युन भई १ करोड २८ लाख

## वित्तिय परिणामहरुको सारसंक्षेप

(अन्यथा उल्लेख गरेको वाहेक अंक रू. हजारमा)

| विवरण | BPC Financial Statement | | Group Consolidated Financial Statement | |
|---|---|---|---|---|
| | आ.व. २०७३।७४ | आ.व. २०७२।७३ | आ.व. २०७३।७४ | आ.व. २०७२।७३ |
| बस्तु तथा सेवा बिक्री बाट आम्दानी | ६६२,८७२ | ५९५,५७९ | १,४५२,९६८ | १,२८२,१०४ |
| विक्री लागत | ३८०,२१९ | ३४२,८१२ | १,०१६,३१९ | ८४७,५७९ |
| कूल मुनाफा | २८२,६५३ | २५२,७६७ | ४३६,६४८ | ४३४,५२५ |
| अन्य आय (लाभांश समेत) | ५८९,७९२ | ५५७,१८२ | ६७६,४८८ | ६०४,४१७ |
| प्रशासनिक तथा अन्य खर्च | १२१,५०१ | ११४,९२७ | २०६,००९ | २०५,७०७ |
| संचालन नाफा (वित्तीय खर्च तथा कर अघिको) | ७५०,९४४ | ६९४,२९९ | ९०७,१२७ | ८३३,२३४ |
| वित्तीय खर्च | ६४,८९१ | ६५,८०२ | ८३,०२४ | ९२,०६९ |
| कर पछिको खूद मुनाफा | ६६८,०२२ | ६१९,४२९ | ७९०,८८० | ७२४,३०४ |
| अन्य कम्पनीहरूमा लगानी | २,४४७,४१९ | २,२१३,३६७ | १,७७९,५०९ | १,५६३,५११ |
| प्रतिशेयर आम्दानी रू. | ३७।०२ | ३४।५७ | ४१।०१ | ३८।४७ |
| नेटवर्थ | ४,३९२,४५९ | ३,९७७,८५० | ४,८५६,५८७ | ४,३२८,६१६ |

खुद मूनाफा आर्जन गर्न सफल भएको छ । यस आ.व. मा बिपिसीले उक्त कम्पनीबाट रू. २३ लाख नगद लाभांश तथा रू. २३ लाखको वोनस शेयर प्राप्त गरेको छ ।

(ग) बिपिसि सर्भिसेज लि. संचालन तथा मर्मत संभार सेवा प्रदायक कम्पनी हो । यस कम्पनीले आ.व. २०७३।७४ मा रू. ६ लाख खुद नाफा आर्जन गरेको छ ।

(घ) नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि. हाइड्रो मेकानिकल तथा इलेक्ट्रो मेकानिकल उत्पादक तथा मर्मत संभार गर्ने कम्पनी हो । यस कम्पनीले आ. व. २०७३।७४ मा खुद मूनाफामा ३४.९% ले बृद्धि गरी रू. ९ करोड ८४ लाख खुद नाफा आर्जन गरेको छ ।

(ङ) खुदी हाइड्रोपावर लि. ले आ.व. २०७३।७४ मा गत वर्षको बिक्रीमा १४.५ प्रतिशतले बृद्धि गरी रू. ९ करोड ३६ लाख वरावरको बिद्युत बिक्री गरेको छ भने खुद मूनाफामा ४८.३% ले बृद्धि गरी रू. २ करोड ७९ लाख खुद नाफा आर्जन गरेको छ ।

(च) हाइड्रो ल्याव प्रा. लि. हाइड्रोलिक्स तथा सेडिमेण्ट विश्लेषण सेवा प्रदायक कम्पनी हो । यस कम्पनीले आ.व. २०७३।७४ मा रू. २ करोड ९८ लाखको कारोवार गरी रू. ६३ लाख नाफा आर्जन गरेको छ ।

(छ) ३७.६ मेगावाट क्षमताको कावेली ए जलबिद्युत आयोजना कावेली इनर्जि लि. मार्फत निर्माण कार्य भईरहेको छ । यस आयोजनामा आ. व. २०७३।७४ सम्ममा रू. ८१ करोड ३० लाख वरावरको निर्माण कार्य प्रगति गरिसकेको छ । यस कम्पनीमा वीपीसीको प्रत्यक्ष २६% तथा गुरांस इनर्जी मार्फत २८% शेयर लगानी रहने छ ।

(ज) न्यादी हाइड्रोपावर लि.ले निर्माण गरिरहेको ३० मेगावाट क्षमताको न्यादी जलबिद्युत आयोजनामा रू. ७२ करोड १४ लाख वरावरको कार्य प्रगति भईसकेको छ । बिपिसिको यसमा मुख्य

शेयरधनीको रूपमा ९७.२२% शेयर लगानी रहेको छ ।

(झ) बिपिसी र इन्फ्राको एशिया डेभलपमेन्ट को क्रमशः ४० प्रतिशत र ६० प्रतिशत स्वामित्व कायम रहने गरी गुरांश ईनर्जी लिमिटेडको स्थापना भएको छ । संयुक्त लगानीमा स्थापित उक्त कम्पनीको उदेश्य हाल विकास तथा निर्माणको चरणमा रहेको एवं अन्य नयां जलविद्युत परियोजनाहरूमा लगानी तथा विकास निर्माणमा सहयोग पुऱ्याउने रहेको छ । कावेली इनर्जि लिमिटेडमा यस कम्पनीको बहुमत् शेयर स्वामित्व रहेको छ ।

(७.) आयोजना/आयोजना कम्पनीहरूको विद्यमान अवस्था तथा यस वर्षका योजनाहरू यस प्रकार रहेका छन् ।

(क) बिपिसिले आ.व. २०७३।७४ सम्ममा १०० मेगावाट क्षमताको लोअर मनाङ मर्स्याङदी आयोजनाको विकासको लागि रू. १६ करोड १९ लाख लगानी गरिसकेको छ । यस आयोजनाको पीपीए सम्झौताको लागि नेपाल विद्युत प्राधिकरणसंग ताकेता भैरहेको छ तथा आयोजना विकासको प्रारूप तयार भई संभावित साझेदारहरूको छनौट कार्य पूरा भैसकेको छ ।

(ख) लोअर मनाङ मर्स्याङदी आयोजनाको निर्माण कार्यको लागि आवश्यक विद्युत आपूर्ति समेत गर्ने ध्येयले ८.५ मेगावाट क्षमताको चिनोखोला साना जलविद्युत आयोजनाको विकास गर्न लागिएको हो । यस आयोजनामा हाल सम्म रू. १ करोड ३४ लाख लगानी भईसकेको छ ।

(ग) करिव १६० मे.वा.को मुगु कर्णाली जलविद्युत आयोजनाको feasibility study / environment impact assessment का कामहरू सम्पन्न गर्ने योजना रहेको छ ।

८. कम्पनीले यस वर्ष पनि नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थावाट उत्कृष्ट वार्षिक प्रतिवेदन प्रस्तुति २०१६ पुरस्कार प्राप्त गर्न सफल भएको छ । साथै South Asian Federation of Accountants (SAFA) ले पनि कर्पोरेट उत्तरदायित्व तथा सुशासन एवं वित्तीय पारदर्शितामाको लागि Certificate of Merit and Corporate Governance Disclosure Award प्रदान गरेको थियो । कम्पनीले हालसालै *Frost & Sullivan – 2017 Nepal Market Leadership Award in Hydropower* पनि प्राप्त गर्न सफल भएको छ ।

९. कम्पनीको संचालक समितिले लेखापरिक्षण समिति, अर्थ तथा बजेट समिति र संचालन तथा संभार समितिको गठन गरि कम्पनीको सुसासनमा महत्वपुर्ण योगदान दिंदै आएको छ । यस कम्पनीले गुणस्तर, वातावरण तथा कार्यगत स्वास्थ र सुरक्षाको लागि ISO 9001:2008; ISO 14001:2004 तथा ISO 18001:2007 को प्रमाणपत्र प्राप्त गरेको छ । कम्पनीको आन्तरिक लेखापरिक्षकमा पि. एल. श्रेष्ठ एण्ड कं., चार्टर्ड एकाउण्टेण्टलाई नियुक्त गरिएको छ ।

१०. चालु आर्थिक वर्षमा कम्पनीले ४०,८१,००० नयां शेयरहरू प्रिमियम मूल्य प्रति शेयर रू. ५०१ मा जारी गरेको छ जसवाट जम्मा रू. २०४,४५,८१,००० संकलन भएको छ । ती रकमहरू ३७.६ मेगावाटको कावेली ए जलविद्युत आयोजना, ३० मेगावाटको न्यादी जलविद्युत आयोजना र अन्य आयोजनाहरूमा लगानी गरिनेछ ।

११. कम्पनीको संचालक समितिले आ.व. २०७३।७४ को खुद मूनाफा, रिजर्भ एवं संचित मूनाफावाट चुक्ता पूँजीको २०% नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ ।

१२. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरणहरू र संचालक समितिको प्रतिवेदनवाट संक्षेपीकरण गरिएको हो ।

**उत्तर कुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

**सि.ए. ज्ञानेन्द्र बहादुर भारी**
साझेदार
बि. आर. एस. न्यौपाने एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस्

## २०७४ आषाढ ३१ गतेको
# वित्तिय अवस्थाको विवरण

| विवरण | आ.व. २०७३।०७४ रू. | आ.व. २०७२।०७३ रू. |
|---|---|---|
| **सम्पत्ति** | | |
| **गैर चालू सम्पत्ति** | | |
| जायजेथा, प्लाण्ट तथा उपकरण | ३६०,१५३,५६८ | २९८,५४४,२५५ |
| पूंजीगत कार्य प्रगति | ३,१४०,०८२ | ४१,८६४,४७७ |
| अदृष्य सम्पत्ति | १,९६१,६९४,३७४ | १,९७८,३८७,०१४ |
| आयोजना कार्य प्रगति | १७५,३२०,७९२ | १६३,९३८,४८३ |
| वित्तीय सम्पत्ति | | |
| सहायक तथा सम्बद्ध कम्पनीमा लगानी | १,३०७,०८७,५२७ | १,००९,४५३,९९० |
| अन्य लगानी | १,१४०,३३१,४३८ | १,२०३,९१२,८७२ |
| अन्य गैर चालू सम्पत्ति | ६,१९५,१७५ | ३,४६४,५३६ |
| **जम्मा गैर चालू सम्पत्ति** | **४,९५३,९२२,९५६** | **४,६९९,५६५,६२७** |
| **चालु सम्पत्ति** | | |
| मौज्दात | ६०,१११,२९३ | ५२,०७०,५९९ |
| वित्तीय सम्पत्ति | | |
| व्यापारिक आसामी लिनुपर्ने | ८३,४०५,८६९ | ८७,४६८,४०६ |
| नगद तथा नगद समान | ३१,७५७,८०९ | ३१,१३२,०६६ |
| अन्य बैंक मौज्दात | ३४,५१८,१३२ | ३४,६२३,७५६ |
| अन्य वित्तीय सम्पत्ति | १२०,४०५,९३९ | २२५,८६६,२५३ |
| अन्य चालू सम्पत्ति | १०,९०६,१७१ | १२,३२४,४९३ |
| चालू कर सम्पत्ति (खूद) | ७४,३०४,७७९ | ७१,७०५,१५१ |
| **जम्मा चालु सम्पत्ति** | **४१५,४०९,९९२** | **५१५,१९०,७२४** |
| **जम्मा सम्पत्ति** | **५,३६९,३३२,९४८** | **५,२१४,७५६,३५१** |
| **कोष तथा दायित्व** | | |
| **कोष** | | |
| इक्वीटी शेयर पूंजी | १,८१०,५७२,००० | १,६७३,२२२,७०० |
| अन्य इक्वीटी | २,५८१,८८७,१७२ | २,३०४,६२६,८१६ |
| **जम्मा कोष** | **४,३९२,४५९,१७२** | **३,९७७,८४९,५१६** |
| **दायित्व** | | |
| **गैर चालू दायित्व** | | |
| ग्राण्ट अनुदान जगेडा | २०२,३४३,६६६ | २०२,१७०,७०३ |
| वित्तीय दायित्व | | |
| ऋण सापटी | ३६८,४८२,६६६ | ५८०,२९०,०६५ |
| अन्य वित्तीय दायित्व | ० | ४,९९१,६१० |
| व्यवस्थाहरू | १५,१२६,२६४ | १६,८११,८७६ |
| स्थगन कर | ८३,७४७,७३६ | ५०,७८५,००० |
| अन्य गैर चालू दायित्व | २३,८०५,८२३ | २६,०५४,४८८ |
| **जम्मा गैर चालू दायित्व** | **६९३,५०६,१५५** | **८८०,३०३,७४२** |
| **चालू दायित्व** | | |
| वित्तीय दायित्व | | |
| ऋण सापटी | ९८,५४६,४४८ | २३६,८८५,२४८ |
| व्यापारिक साहू तिर्नुपर्ने | ७२,४३०,४५९ | ३१,५१८,६५५ |
| अन्य वित्तीय दायित्व | ३६,७४१,१४० | ३०,९१५,८५५ |
| व्यवस्थाहरू | १,६६५,७६८ | १,८७७,३०२ |
| अन्य चालू दायित्व | ७३,९८३,८०६ | ५५,४०६,०३३ |
| **जम्मा चालू दायित्व** | **२८३,३६७,६२१** | **३५६,६०३,०९३** |
| **जम्मा दायित्व** | **९७६,८७३,७७६** | **१,२३६,९०६,८३५** |
| **जम्मा कोष तथा दायित्व** | **५,३६९,३३२,९४८** | **५,२१४,७५६,३५१** |

# २०७४ आषाढ ३१ गते समाप्तवर्षको
# नाफा नोक्सानको विवरण

| विवरण | आ.व. २०७३।०७४ रू. | आ.व. २०७२।०७३ रू. |
|---|---|---|
| बिक्री | ६६२,८७१,६६६ | ५९५,५७९,०५८ |
| बिक्रि लागत | | |
| उत्पादन खर्च | (२८२,९४८,४९८) | (२५२,३१५,२२१) |
| वितरण खर्च | (९७,२७०,०८८) | (९०,४९६,६८६) |
| **कूल मुनाफा** | **२८२,६५३,०८०** | **२५२,७६७,१५१** |
| अनुदान सहयोगको आम्दानी अंशको ह्रासकट्टी | ६,९३०,१६९ | ६,६५०,६७५ |
| अन्य आय | ५८१,७८९,०३० | ५४७,७५१,३९० |
| प्रशासनिक तथा अन्य संचालन खर्चहरू | (१२१,५०१,१५७) | (११४,९२६,५१२) |
| लगानीमा नोक्सान व्यवस्था | १,०७३,१०२ | (७२४,८२८) |
| अन्य सम्पत्ति विक्रीमा लाभ (हानि) | ० | २,७८१,०८६ |
| **संचालनवाट मुनाफा** | **७५०,९४४,२२४** | **६९४,२९८,९६२** |
| वित्तीय आय | ८,९६४,२९० | १४,९४८,९०१ |
| वित्तीय लागत | (७३,८५५,११६) | (८०,७५१,४२३) |
| **कर अधिको मुनाफा** | **६८६,०५३,३९८** | **६२८,४९६,४४०** |
| **आयकर खर्च** | | |
| चालु वर्षको आयकर | ० | ० |
| स्थगन कर आम्दानी /(खर्च) | (१८,०३१,४९४) | (९,०६७,३३३) |
| **चालु वर्षको मुनाफा** | **६६८,०२१,९०४** | **६१९,४२९,१०७** |
| **अन्य विस्तृत आय (other comprehensive income)** | | |
| रोजगार निश्चित सुविधा योजनाको पुनर्मुल्यांकन लाभ | ५,७७६,९९० | (३,६३७,९१०) |
| इक्वीटी औजारवाट देखिएको अन्य विस्तृत आय | (६३,५८१,४३३) | (५२,०९५,९५०) |
| नाफा नोक्सानसंग पुनवर्गीकरण नहुने शीर्षकको कर | (१४,९३१,२४२) | (१२,४३१,१२४) |
| **जम्मा अन्य विस्तृत खूद आय** | **(७२,७३५,६८५)** | **(६८,१६४,९८४)** |
| **जम्मा विस्तृत खूद आय (कर पछिको)** | **५९५,२८६,२१९** | **५५१,२६४,१२३** |
| प्रति शेयर आम्दानी - आधारभूत (Basic) | ३७.०२ | ३४.५७ |
| प्रति शेयर आम्दानी - परिवर्तित (Diluted) | ३७.०२ | ३४.५७ |

नोट:

BUTWAL POWER
COMPANY LIMITED

**CORPORATE OFFICE**
P.O. Box. 11728
Gangadevi Marga - 313, Buddha Nagar
Kathmandu, Nepal
Tel: 977-1-4781776, 4784026
Fax: 977-1-4780994
E-mail: info@bpc.com.np

**JHIMRUK HYDROELECTRIC CENTER**
Darimchaur, Pyuthan
Tel: 994860105
Fax: 994860104

**ANDHIKHOLA HYDROELECTRIC CENTER**
Galyang, Syangja
Tel: 977-063-460152
Fax: 977-063-460152

**LIASON OFFICE**
Campus Road, Butwal
Tel: 977-071-540809
Fax: 977-071-541058